## श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## २०१९ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

## मुलुकी ऐन अदालती बन्दोबस्तको महललाई संशोधन गर्ने ऐन,

प्रस्तावनाः– फौजदारी मुद्दाहरूमा वारीस दिने लिने विषयमा मुलुकी ऐन अदालती बन्दोवस्तको महल (यसपछि "मूल ऐन" भनिएको) मा भैरहेको व्यवस्थामा केही संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः–(१) यस ऐनको नाम "मुलुकी ऐन अदालती बन्दोबस्तको महल (संशोधन) ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको ८९ नं. मा संशोधनः– मूल ऐनको ८९ नं. को शिर व्यहोरा, दफा १ र दफा २ को सट्टा निम्नलिखित शिर व्यहोरा, दफा १ र दफा २ राखिएको छः–

"मुद्दा मामिलामा वारीस दिदा लिंदा देहायमा लेखिए बमोजिम गर्नुपर्छ"–

प्रचलित नेपाल कानून बमोजिम पुर्पक्षका लागि थुनामा बस्नुपर्ने वा जमानत लाग्ने अवस्थामा जमानत दिन नसकी सो बापत थुनामा बस्नुपर्ने भएको व्यक्तिले वारीस राख्न पाउंदैन सो बाहेक जमानत लाग्ने अवस्थामा कानून बमोजिम जमानत दिने व्यक्तिले अदालतबाट वारीस राख्न दिन मनासिव ठहराई इजाजत दिएमा वारीस राख्न पाउंछ– १

दफा १ मा लेखिएदेखि बाहेक अन्य अवस्थाको व्यक्तिको हकमा पर्याप्त कारणबाट अदालतले वारीस राख्न दिनु मनासिव नठहराई अन्यथा आदेश दिएमा बाहेक साधारणतः वारीस राख्न हुन्छ । तर यस दफामा लेखिएको कुनै कुराले देवानी मुद्दामा वारीस राख्न नपाउने गरी अदालतले आदेश दिने छैन ———————— २

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।